उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति,रामेछाप
बागमती प्रदेश, नेपाल

# संक्षिप्त वार्षिक प्रगति समीक्षा प्रतिवेदन

आ.व. २०८१/०८२

मिति २०८२/०६/२६

# गाउँपालिकाको परिचय:

- उमाकुण्ड गाउँपालिका रामेछाप जिल्लाको
  उत्तरी अक्षांश = '२७° २७' २६."- २७° ४९' ५६"
  पूर्वी देशान्तर = ८६° ३४' २३"- ८६° १२' ३७" उत्तरी भुभागमा अवस्थित रहेको।
- उचाइ= ८७४.६१ मिटर देखि ६९५३.०८ मिटर सम्म (समुन्द्री सतहबाट)
- कूल क्षेत्रफल = ४५१.९९ वर्ग कि.मि.(भूगोलको हिसाबले रामेछाप जिल्लाकै सबै भन्दा ठूलो गाउँपालिका)
- गाउँपालिकाको सिमाना: पूर्व = सोलुखुम्बु र ओखलढुङ्गा जिल्ला,
  पश्चिम= रामेछाप जिल्लाकै गोकुलगंगा गा.पा.
  उत्तर= सोलुखुम्बु र दोलखा जिल्ला
  दक्षिण=ओखलढुङ्गा जिल्ला र रामेछाप जिल्लाकै लिखु तामाकोशी गा.पा.।
- जम्मा जनसंख्या= १६५९० (८४२७(म)+८१६३(पु)
- वडा संख्या= ७
- भौगोलिक रुपमा रामेछाप जिल्लाको विकट तर कृषि जलश्रोत, पर्यटकिय विकासको प्रचुर सम्भावना भएको गाउँपालिका ।
- समृद्धिको आधार =कृषि, जलविद्युतको विकास, पर्यटन र जडिबुटी ।

# आ.व. २०८१/०८२ को प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | निर्माण कार्य सम्पन्न गर्ने | निर्माण कार्य सम्पन्न भएको |
| २ | ५/१० सैयाँको आधारभूत अस्पताल निर्माण | निर्माण कार्य सम्पन्न गर्ने | निर्माण कार्य सम्पन्न भइ वडा नं २ बाम्तिमा १० सैयाँ र गाउँपालिकाको केन्द्र प्रितिमा ५ सैयाको जनशक्ति सहितको अस्पताल सञ्चालनमा आएको। |
| ३ | गाउँपालिकाको केन्द्र जोड्ने सडक कालोपत्रे | निर्माण कार्य सम्पन्न गर्ने | बागमती प्रदेश सरकारबाट सुस्त गतिमा काम भइरहेको। |
| ४ | मध्यमार्गी सडक निर्माण | मध्यमार्गी सडक स्तरोन्नति गर्ने | गाउँपालिकाको मुख्य सडकको रूपमा रहेको मध्यमार्गी सडक स्तरोन्नति गरि नियमित सवारी साधन सञ्चालन भइरहेको । |

# आ.व. २०८१/०८२ को प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | प्रगति |
|---|---|---|---|
| ५ | जनता स्वास्थ्य परिक्षण कार्यक्रम | प्रत्येक टोलमा स्वास्थ्यकर्मीको उपस्थितिमा महिनाको १ पटक नागरिकको ब्लड प्रेसर, सुगर, तौल, नसर्ने रोग र दिर्घ रोगीहरूको स्वास्थ्य परिक्षण गर्ने र सचेतना जगाउने । | गाउँपालिका भरिमा २९३८ जना नागरिकको १२३२८ पटक स्वास्थ्य परिक्षण गरि परामर्श प्रदान गरिएको । |
| ६ | सुत्केरी कोशेली भेट कार्यक्रम | गर्भवति महिलाहरूको नियमित परिक्षण, स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुति र प्रसुति पछि समेत नियमित आमा र बच्चाको स्वास्थ्य परिक्षण कार्यलाई प्रोत्साहित गर्ने । | ११९ जना सुत्केरी महिलाहरू लाभान्वित भएको । |

# आ.व. २०८१/०८२ को खर्चको विवरण

| क्र.सं. | कुल बजेट | लक्ष्य | प्रगति | कुल भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | चालु तर्फ | ३५,५४,६१,६१२.०० (६८.५५%) | ३०८४०४२७१.८८ (८६.७६%) | – |
| २ | पुँजीगत तर्फ | १६,३०,५६,२८८.०० (३१.४५%) | ११९५०९७९१.७६ (७३.२९%) | ९५.१३% |

# आर्थिक वर्ष २०८१/०८२ को बेरुजुको अवस्था

| क्र.सं. | लेखापरिक्षण भएको रकम (आय, व्यय) | जम्मा बेरूजु रकम | बेरूजु (%) |
|---|---|---|---|
| १ | १ अर्ब, २५ करोड १० लाख ८४ हजार | ९९ लाख, ८१ हजार | ०.८% |

# आर्थिक वर्ष २०८१/०८२ को प्रमुख उपलब्धिहरू

१. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न ।
२. ५ सैयाँको प्रिति अस्पताल र १० सैयाँको बाम्ति आधारभूत अस्पतालको भवन निर्माण कार्य सम्पन्न भएको ।
३. जनशक्ति र सामाग्रीको व्यवस्थापन गरि दुवै अस्पताल सञ्चालनमा ल्याइएको।
४. गाउँपालिकाको मध्यमार्गी सडक नियमित सवारी साधन सञ्चलन हुने गरि स्तरोन्नति भएको ।
५. कृषि व्यवसाय प्रवर्दन कार्यक्रम मार्फत उत्पादनमा वृद्धि भइ आलु, किवि लगायतको वाली वस्तुको निर्यातमा उल्लेख्य वृद्धि भएको ।
६. लघु तथा घरेलु उद्योग प्रवर्दन कार्यक्रम मार्फत विभिन्न खाले सामाग्रीहरूको स्थानीय उत्पादन भइ निर्यात भइरहेको(जस्तै ढाका, गलवन्दी,....
७. जनता स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत नागरिकको घर तथा टोलमा गइ २९३८ जनाको १२३२८ पटक स्वास्थ्य परिक्षण गरि परामर्श प्रदान गरिएको ।
८. गाउँपालिका र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा, छिटो छरितो र प्रभावकारी बनाइएको ।

# गाउँपालिकाको प्रमुख समस्या तथा चुनौतिहरु

१. कर्मचारीको अभाव,
२. भौगोलिक विकटता, ठुलो क्षेत्रफल,
३. सङ्घीय तथा प्रदेश सरकारबाट विभेद,
४. विकास निर्माण र गाउँपालिकाको समृद्धिमा नागरिकको सकारात्मक सहयोगको अभाव,
५. गैरसरकारी संघ संस्थाहरूको नजरमा नपर्नु ।

# समाधानका उपायहरू

१. भौगोलिक विकटता र भौगोलिक हिसावले अत्यन्तै ठुलो यस गाउँपालिकाको विकास र समृद्धिमा सङ्घीय सरकार, प्रदेश सरकार र जिल्ला स्थित कार्यालयहरुले समेत विशेष ध्यान दिनु पर्दछ ।

२. जथाभावी कर्मचारी सरुवा गर्ने परिपाटीको अन्त्य गरि नियमानुसार सरूवा गर्ने र कम्तिमा २ वर्ष एउटा स्थानीय तहमा काम गर्नुपर्ने व्यवस्थालाइ कडाइका साथ लागु गरि कर्मचारी अभावबाट कार्यसम्पादनमा पर्ने असर कम गर्नुपर्दछ।

३. सुगम र सहरमा मात्र केन्द्रित गैरसरकारी संघसंस्थाहरूले उमाकुण्ड गाउँपालिका जस्तो विकट र दुर्गम गाउँपालिकाको विकास र समृद्धिमा सहयोगी भूमिका खेल्नु पर्दछ ।

# आ.व. २०८२/०८३ को प्रमुख कार्यक्रमहरू

१. गाउँपालिकाको केन्द्र सम्मको सडक कालोपत्रे गर्ने ।
२. नागरिकको आर्थिक अवस्था सुधार गर्न कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन कार्यक्रम सञ्चालन गरि कृषिजन्य वाली वस्तुको निर्यात वृद्धि गर्ने ।
३. घरेलु तथा साना उद्योगको प्रवर्दन गरि स्थानीय उत्पादनको वृद्धि गरि आयआर्जन वृद्धि गर्ने ।
४. गाउँपालिकाको मुख्य पर्यटकिय स्थलहरूमा पर्यटकिय पूर्वाधार निर्माण गर्ने ।
५. सेवा प्रवाहलाइ प्रविधि मैत्री बनाइ प्रभावकारी ढंगबाट सेवा प्रवाह गर्ने ।
६. मितव्ययी खर्च प्रणालीको विकास गर्ने ।

# आ.व. २०८२/०८३ बजेट कार्यक्रम कार्यान्वयनको अवस्था तथा कार्य प्रगति

१. आर्थिक वर्ष २०८२/०८३ को योजना तथा कार्यक्रम कार्यान्वयनको वार्षिक कार्ययोजना तयार गरि स्वीकृत भएको ।

२. आर्थिक वर्ष २०८२/०८३ मा ठेक्का मार्फत सञ्चालन हुने सम्पुर्ण योजनाहरूको तयारी पुरा गरि ठेक्काको सूचना प्रकाशनको चरणमा रहेको ।

३. उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरूको वार्षिक कार्ययोजना अनुसार उपभोक्ता समितिहरू गठन भइरहेको ।

# असल अभ्यास

१. नागरिकलाइ प्रदान गर्ने सेवा छिटो छरितो र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू विशेष कार्यक्रम सञ्चालन गरेको ।

२. नागरिकको घर आँगनबाटै सेवा प्रवाह गर्ने उद्धेश्य अनुसार जिल्ला प्रशासन कार्यालयको सहयोगमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण, राष्ट्रिय परिचयपत्रको विवरण संकलन, योजना सम्झौता, व्यवसाय दर्ता नविकरण, तथा अन्य सेवा एकीकृत घुम्ती सिविर मार्फत प्रवाह गरेको ।

३. जनता स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत प्रत्येक महिना गाउँपालिकाको प्रत्येक टोलमा गइ नागरिकको ब्लड प्रेसर, सुगर, तौल, नसर्ने रोग तथा दिर्घ रोगीहरूको स्वास्थ्य परिक्षण गरि त्यसको नियमित रेकर्ड राख्नका साथै विभिन्न रोग र खानपानको कारण लाग्न सक्ने रोगहरूको सन्दर्भमा सचेतना जगाउने काम प्रभावकारी ढंगबाट कार्यान्वयन भइरहेको ।(२९३८ जनाको १२३२८ पटक स्वास्थ्य परिक्षण गरि परामर्श प्रदान गरिएको)

४. गर्भवति महिलाहरूको नियमित परिक्षण, स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुति र प्रसुति पछि समेत नियमित आमा र बच्चाको स्वास्थ्य परिक्षण कार्यलाई प्रोत्साहित गर्न सुत्केरी कोशेली भेट कार्यक्रम सञ्चालन गरिएको ।